नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २७३ २०८३ साल जेठ २६ गते मंगलबार (9 June 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागुऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : विश्वविद्यालयको लक्ष्यमा अगाडि... ३ पृष्ठमा : प्रतिनिधिसभा सदस्य निर्वाचनमा... ३ पृष्ठमा : युद्धविरामपछि फेरि...

## आन्दोलनरत नगरवासीद्वारा लालपूर्जा माग्दै मोटरसाइकल ¥याली



**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ।**

लालपुर्जा माग्दै आन्दोलनरत राजविराज नगरवासीले सोमबार राजविराजमा मोटरसाइकल ¥याली प्रदर्शन गरेका छन्।

नगरवासीको तर्फबाट गठित जनआन्दोलन परिचालन समितिको नेतृत्वमा राजविराज नगरपालिका कार्यालयको प्राङ्गणबाट निस्केको ¥याली लालपुर्जा माग्दै नगरको विभिन्न भागको परिक्रमा गरेको थियो।

लालपूर्जा पाउने आशमा झण्डै ७० वर्ष देखी संघर्षरत नगरवासीले कतै कुनै सुनुवाइ नभएपछि आन्दोलन चर्काउदै लगेका हुन।

आन्दोलनरत राजविराज नगरवासीले नगरपालिका कार्यालयमा धर्ना दिएको सोमबार १८ दिन पुगेको छ भने नगरपालिका कार्यालयमा तालाबन्दी गरेको ८ दिन पुगेको छ। उनीहरुले आफुहरुको माग सम्बोधन नभए सम्म तालाबन्दी र धर्ना जारी राख्ने अडान लिएका छन।

राजविराज स्थापनाकाल देखी नै नगरको मुख्य सडक मेनरोड तथा सडकको दायाँ बाया करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हाल सम्म लालपुर्जा विहीन छन।

उक्त जग्गामा वसोवास गर्दै आएकाहरुले आफ्नै लगानीमा घर, पसल लगायतका संरचना बनाएका हुन। पुस्तौ देखी जग्गा उपभोग गर्दै आए पनि कसैको नाममा लालपुर्जा अहिले सम्म बन्न सकेको छैन। यद्धपी नापी कार्यालयले ती मध्येका १७ जनालाई विभिन्न मितिमा आर्थिक लाभ लिएर लालपुर्जा प्रदान गरिसकेको छ।

नापी कार्यालय राजविराजको २०२८ सालको नापी अनुसार फिल्डबुकमा पनि उक्त जग्गाहरु गाउँ/ब्लकमा रहेको स्पष्ट उल्लेख छ। उक्त जग्गामा वसोवास गर्दै आएकाहरुको नागरिक्तामा समेत वसोवास गर्दै आएको उक्त जग्गा भएको ठाउँको ठेगानामा उल्लेख छ। यस्तै विजुली, खानेपानी, नगरपालिकालाई महसुल र कर तिरेको रसिद पनि छ। तर सबै प्रमाण हुदा पनि लालपुर्जा पाउन नसकेको नगरवासीको गुनासो छ।

## वीरगन्जका नगर प्रमुखसहित ७ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वीरगन्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहसहित ७ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

मेयर सिंहले अर्काको छोरीलाई आफ्नो छोरी भन्दै झुटो विवरणका आधारमा नागरिकता दिलाएको ठहरसहित अख्तियारले सिंह सहितलाई मुद्दा चलाएको हो।

त्यसैगरी नागरिकता लिनेकी आमा रिता भट्टराई, तत्कालीन वडा सचिव भिखारी राय, तत्कालीन वडाध्यक्ष तुफैल अख्तर ठकुराई, जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षडकुमार पोखरेललाई पनि प्रतिवादी बनाएको छ।

उनीहरूबाहेक गलत प्रतिवेदन तयार पारेको अभियोगमा गृह मन्त्रालयका कर्मचारी पुष्कर राना र परशुराम पोखरेललाई पनि कसुरदार मानेर मुद्दा दर्ता गरेको अख्तियारले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। अख्तियारले मेयर सिंहलाई मतियारको मुख्य कसुरदार सरह सजायको माग गरेको छ।

## महासंघले प्रधानमन्त्रीलाई बुझायो संकलित हस्ताक्षर

**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ।**

नेपाल पत्रकार महासंघ सप्तरीले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई संकलित हस्ताक्षर बुझाउँदै विवादित निर्णय तत्काल फिर्ता लिन माग गरेको छ।

महासंघ सप्तरीका उपाध्यक्षद्वय रामनारायण विश्वास र सुधा देवको नेतृत्वमा गएको पत्रकारहरुको टोलीले सोमबार सो हस्ताक्षर प्रजिअ टुवराज पोखरेलमार्फत प्रधानमन्त्री कार्यालयलाई बुझाएको हो।

सरकारले सरकारी विज्ञापन सरकारी संचार माध्यममै प्रकाशित गर्ने निर्णयको बिरुद्ध नेपाल पत्रकार महासंघ आन्दोलनरत छ। सोही अन्तरगत महासंघले संचालन गरेको हस्ताक्षर अभियान अन्तरगत संकलित ती



हस्ताक्षरहरु बुझाएको हो।

नेपाल पत्रकार महासंघ २०८२ साल चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै तहको सरकारी विज्ञापन र सूचनाबाट निजी सञ्चार माध्यामहरुलाई वञ्चित गर्ने विभेदकारी परिपत्र खारेजीको माग राखी चरणबद्ध आन्दोलनमा रहेको छ।

महासंघद्वारा आह्वान गरिएको दबाबमूलक आन्दोलन अन्तरगत हस्ताक्षर सबै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाउने, जेठ २७ र २९ गते बिहान ११ बजेबाट १२ बजेसम्म सबै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिने, असार १ र ३ गते

*बाँकी अन्तिम पृष्ठमा*

## मोबाइलहरू पानीमा डुबाएर नष्ट गरिएको बिरोधमा सिरहाका विद्यार्थीहरू आन्दोलित




**दैनिक समाचारदाता**
**सिरहा, २५ जेठ।**

परीक्षा केन्द्रबाट जफत गरिएका मोबाइल फोनहरू पानीमा डुबाएर नष्ट गरिएको घटनाको विरोधमा सिरहाका विद्यार्थीहरू सडकमा उत्रिएका छन्।

प्रदर्शनकारीहरूले परीक्षा केन्द्रबाट संकलन गरिएका मोबाइल फोनहरू कानुनी प्रक्रिया बिना नष्ट गर्नु विद्यार्थीको निजी सम्पत्तिमाथिको हस्तक्षेप भएको आरोप लगाउँदै नष्ट गरिएका मोबाइलको उचित क्षतिपूर्ति दिन तथा दोषीमाथि कारबाही गर्न माग गरेका छन्।

उनीहरूले भविष्यमा यस्ता घटना दोहोरिन नदिन स्पष्ट कार्यविधि बनाउन समेत सरकारसँग माग गरेका छन्। यस घटनाले विद्यार्थी समुदायमा आक्रोश बढाएको छ भने सम्बन्धित निकायबाट अहिलेसम्म स्पष्ट जवाफ नआएको भन्दै आन्दोलन थप सशक्त बनाउने चेतावनी दिइएको छ।

**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### ठेक्का रद्द भएपछी सडक निर्माण कार्य अधुरो, स्थानीयलाई सास्ती

सडक पूर्वाधार कुनै पनि जिल्लाको आर्थिक तथा सामाजिक विकासको मेरुदण्ड हो। सप्तरीमा सडक निर्माणसम्बन्धी तीन वटा ठेक्का रद्द हुनु स्थानीय विकास प्रक्रियामाथि गम्भीर प्रश्न उठाउने विषय बनेको छ। विकास निर्माणका काम समयमै सम्पन्न भई नागरिकले सहज सेवा पाउनुपर्ने अपेक्षाबीच ठेक्का रद्द हुनु सकारात्मक संकेत होइन ठेक्का रद्द भएपछी अहिले ती सडकहरुको हाल बेहाल भएको छ। सडक निर्माण कार्य अधुरो रहेकोले स्थानीयहरुले निकै सास्ती खेप्नु परिरहेको छ। आउँदो दिनमा ती सडक निर्माण नभए पुनः त्यस क्षेत्रका जनताले दुःख पाउने निश्चित छ।

तर ठेक्का प्रक्रिया सुरु भएर पनि काम अघि नबढ्नु, वा बीचमै रद्द हुनुपर्ने अवस्था आउनु भनेको ठेकेदार कम्पनीको लापरवाही पनि हुन सक्छ। ठेक्का रद्द हुनुका पछाडि विभिन्न कारण हुन सक्छन्–ठेकेदारको लापरबाही, प्राविधिक कमजोरी, बजेट व्यवस्थापनको समस्या वा प्रशासनिक ढिलाइ। तर जुनसुकै कारण भए पनि यसको प्रत्यक्ष मार स्थानीय जनतामाथि पर्छ, जसले वर्षौंदेखि राम्रो सडकको प्रतीक्षामा छन्। यस परिस्थितिले सम्बन्धित निकायलाई गम्भीर आत्मसमीक्षा गर्न बाध्य बनाउँछ। केवल ठेक्का खोल्ने र रद्द गर्ने प्रक्रियामा सीमित नभई गुणस्तरीय योजना निर्माण कडा अनुगमन, पारदर्शी ठेक्का प्रक्रिया र जवाफदेही कार्यान्वयन आवश्यक छ। यदि यस्तै ढिलासुस्ती र अस्थिरता कायम रहिरह्यो भने विकासका योजना कागजमै सीमित हुने खतरा रहन्छ।

तसर्थ ठेक्का रद्द गरिएपनि पुनः ती सडकहरुको काम अगाडी बढाउन तथा ठेक्का व्यवस्थापनलाई सुधार गर्दै वास्तविक विकासलाई गति दिनेसरकार सकारात्मक हुनुपर्छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्वविद्यालयको लक्ष्यमा अगाडि बढ्दै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

**रमेश गिरी**
भक्तपुर, २५ जेठ (रासस)।

बागमती प्रदेशको राजधानी हेटौँडामा गुणस्तरीय स्वास्थ्य सेवा र स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्दै प्रदेशस्तरीय विश्वविद्यालय स्थापना गरी काठमाडौँ बाहिरका उत्कृष्ट मेडिकल कलेजका रुपमा विकास गर्ने लक्ष्य बोकेर अगाडि बढ्दैछ मदन भण्डारी विज्ञान स्वास्थ्य प्रतिष्ठान।

देशका सातै प्रदेशमध्येका पहिलो स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा स्थापित हुँदै सेवा प्रवाहमा निरन्तर अगाडि बढेको संस्थाका रुपमा यसले पहिचान बनाउन सफल भएको छ। बागमती प्रदेशमा ठूलो अस्पताल सञ्चालन गर्ने मात्र नभई बागमती प्रदेशभित्रका प्रदेशस्तरीय अस्पतालहरुका लागि आवश्यक स्वास्थ्यका जनशक्ति उत्पादन गर्ने मूल लक्ष्यका साथ २०७६ असोज २ गते बागमती प्रदेश सरकारले स्वास्थ्य, शिक्षा, सेवा र अनुसन्धानमूलक कार्यको लक्ष्यसहित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ मार्फत सञ्चालनमा ल्याएको यस प्रतिष्ठानले छोटो समयमा आफ्नो लक्ष्य हासिल गर्न सफल भएको छ।

ऐन जारी भएपछि प्रतिष्ठानले औपचारिक रूपमा २०७७ सालदेखि आफ्नो कार्य सुरु गरी हेटौँडालाई मात्र नभई बागमती प्रदेशका १३ जिल्लालाई स्वास्थ्य सेवा र चिकित्सा शिक्षा उपलब्ध गराउने केन्द्रका रूपमा प्रदेश सरकारबाट अधिकार प्रदान गरेको छ।

प्रदेशको मुख्यमन्त्री कुलपति र स्वास्थ्यमन्त्री सहकुलपति रहने ऐनमा व्यवस्था गरेअनुसार बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ प्रतिष्ठानको कुलपति, स्वास्थ्यमन्त्री किरण थापा मगर सहकुलपति र प्रदेश सरकारले नियुक्त गरेको प्राडा प्रदीप ज्ञवाली उपकुलपतिका रुपमा कार्य गर्दै आउनुभएको छ।

प्रतिष्ठानका कुलपति एवं प्रदेशका मुख्यमन्त्री बानियाँले हेटौँडामा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान बागमती प्रदेश सरकारद्वारा स्थापना गरिएको नेपालको पहिलो प्रदेशस्तरीय स्वास्थ्य विज्ञान प्रतिष्ठान भएको बताउनुहुन्छ। यसको मुख्य उद्देश्य गुणस्तरीय स्वास्थ्य सेवा, चिकित्सा शिक्षामा जनशक्ति उत्पादन र स्वास्थ्य अनुसन्धानलाई एकै संस्थामार्फत अगाडि बढाउनु नै रहेको उहाँ बताउनुहुन्छ।

मुख्यमन्त्री बानियाँ भन्नुहुन्छ, "प्रदेश सरकारले प्रतिष्ठानलाई प्रदेशस्तरको प्रमुख स्वास्थ्य शैक्षिक संस्थाका रूपमा विकास गर्ने योजनाका साथ हामी अगाडि बढेका छौँ, यसका लागि प्रदेश सरकारले आवश्यक बजेट र कार्यक्रम अगाडि सारेको छ।"

प्रतिष्ठानका सहकुलपपति एवं स्वास्थ्यमन्त्री मगर प्रदेशको १३ जिल्लाको स्वास्थ्यको 'हब'का रुपमा यसलाई विकास गर्ने लक्ष्यसहित सरकार अगाडि बढेको बताउनुहुन्छ। प्रतिष्ठानबाटै जनशक्ति उत्पादन, व्यवस्थापनदेखि स्वास्थ्य सवाको विस्तारका कार्यक्रम र शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने तयारीमा रहेको उहाँको भनाइ छ।

उहाँ भन्नुहुन्छ, "प्रतिष्ठानले गैरनाफामूलक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने, आङ्गिक क्याम्पसहरुका रुपमा शैक्षिक सेवा सञ्चालन गर्ने, मल्टिस्पेसालिटी अस्पतालका रुपमा विकास गर्ने, क्याथ ल्याबसहित मुटुको सेवा विस्तार गर्ने, गुणस्तरीय औषधि उत्पादनको ल्याब स्थापना गर्ने लक्ष्यका साथ प्रतिष्ठान अगाडि बढिरहेको छ। विश्वविद्यालय सञ्चालनसम्मको सपना पूरा गर्छौं।"

मन्त्रालयकी सचिव डा सुमित्रा गौतमले प्रतिष्ठानलाई प्रदेशस्तरमा देशकै नमूना अस्पतालका रुपमा विकास गर्न लागिपरेको बताउनुभयो। उहाँले अस्पतालमा सघन उपचार सेवा, सुत्केरी वार्ड, शल्यक्रिया कक्ष, डायलासिस सेवा विस्तारसंगै नयाँ भवनबाट मुटुको उपचारका लागि क्याथ ल्याब, ओपन हार्ट सर्जरी, कार्डियो भास्कुलर सर्जरी, युरो सर्जरी, (पिसाब/किड्नीसम्बन्धी), ग्यास्ट्रोलोजी, युरो सर्जरी, आँखासम्बन्धी उपचार, नाक, कान, घाँटीको विशिष्टीकृत सेवा, मिर्गौला प्रत्यारोपण सेवा, डायलोसिस सेवालाई ३० शय्यामा विस्तार गरी चौबिसै घण्टा सञ्चालन गर्ने, दन्त सेवा, मनोरोग तथा लागूऔषध दुर्व्यसन उपचार तथा पुनर्स्थापना केन्द्रसहितको विशेषज्ञ सेवाहरू सञ्चालनलाई साकार बनाउन लागिरहको छ।

प्रतिष्ठानका उपकुलपतिका रुपमा प्राडा ज्ञवाली २०८१ असोज १८ गते जिम्मेवारी सम्हालेपछि विकासको गति लिएको थियो। डा ज्ञवालीका अनुसार प्रतिष्ठानले दक्ष स्वास्थ्य जनशक्ति उत्पादन, सरकारी मेडिकल शिक्षाको विस्तार, स्वास्थ्य क्षेत्रमा अनुसन्धान प्रवर्द्धन, आधुनिक प्रविधिमैत्री चिकित्सा शिक्षा र गुणस्तरीय तथा पहुँचयोग्य स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्यलाई स्थापित गरेको छ।

प्रतिष्ठानले स्वास्थ्यसम्बन्धी विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ। स्नातक तथा स्नातकोत्तर स्वास्थ्य शिक्षा कार्यक्रम, एनेस्थेसिया टेक्निसियन तालिम, स्वास्थ्यकर्मीहरूको क्षमता विकास तालिम, मेडिकल कलेज तथा स्वास्थ्य विज्ञान सङ्काय विस्तारको लक्ष्यका साथ अगाडि बढिरहेको छ। स्थानीय स्वास्थ्य समस्यामाथि अध्ययन, प्रमाणमा आधारित उपचार पद्धतिको विकास, चिकित्सा क्षेत्रमा नवीनता र प्रविधिको प्रयोगमा लागिरहेको यस प्रतिष्ठानले सामुदायिक स्वास्थ्य सेवा, स्वास्थ्य शिविर, जनचेतना कार्यक्रम, स्थानीय तहसँग सहकार्य, प्रदेशका जिल्ला अस्पतालहरुँगको सहकार्य र विशेष रोगहरूको उपचार सेवा विस्तार गर्दै आएको छ।

यसै शैक्षिक सत्रबाट एमबिबिएस कार्यक्रम सुरु गर्न सफल भएका छ। अहिले सात वटा कार्यक्रम संस्थागत रूपमा सञ्चालनमा छ भने बिएससी नर्सिङ कार्यक्रममा पनि १० सिट थप गरेर ३० पुऱ्याइएको छ। हाल स्नातक तहमा ४५९ र स्नातकोत्तर तहमा ३२ जना विद्यार्थी अध्ययनरत छन्। स्नातक तहको पहिलो ब्याचका ३३ जना विद्यार्थी लाइसेन्स परीक्षाको तयारीमा छन्। एमबिबिएसको ५० सिटमा अध्ययन सुरु भएको छ।

हाल नेपालमा विशेषज्ञ चिकित्सकको आवश्यकता बढ्दो अवस्थामा छ। धेरै विद्यार्थी विशेषज्ञ अध्ययनका लागि बाहिर जानुपर्ने बाध्यतालाई कम गर्दै यहाँ विशेषज्ञ जनशक्ति उत्पादनमा प्रतिष्ठान लागेको छ। प्रथम वर्षमा सात वटा कार्यक्रम सुरु भएकामा छ वटा कार्यक्रम विस्तार गरी १३ वटा स्नातकोत्तरतर्फका कार्यक्रम सञ्चालन भइरहेको छ। यसले प्रदेशमै विशेषज्ञ शिक्षा प्राप्त गर्ने अवसर सिर्जना मात्रै गरेको छैन, प्रदेशमा आवश्यक जनशक्ति परिपूर्तिको काममा सहजता हुने भएको छ।

हाल प्रतिष्ठानमा स्नातक तहमा ४५९ जना विद्यार्थी अध्ययनरत छन् भने स्नातकोत्तर तहमा ३२ जना विद्यार्थी अध्ययनरत छन्। एमबिबिएसतर्फ पहिलो ब्याचका ३३ जना विद्यार्थी उत्तीर्ण भई लाइसेन्स परीक्षामा सहभागी हुँदैछन्। अस्पतालको गुणस्तरीय सेवा विस्तारमा यसले दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउन महत पुऱ्याउने छ।

प्रतिष्ठानले हाल स्नातक तहका कार्यक्रममा चार वर्ष अवधिको ब्याचलर अफ पब्लिक हेल्थका साथै सरुवारोग, स्वास्थ्य प्रणाली व्यवस्थापन, जनस्वास्थ्य अनुसन्धान, स्वास्थ्य प्रवर्द्धन, शिक्षालगायत विभिन्न विषय सञ्चालन गर्दै आएको छ। त्यस्तै सन् २०२३ बाट चारवर्षे अवधिको बिएसी नर्सिङ अध्ययन सञ्चालन गरेको छ भने चार वर्ष अवधिको स्नातक तहको फार्मेसी अर्थात् बी फर्मा, चारवर्षे अवधिको ल्याब टेक्निसियनलगायतको शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नाका साथै यसै वर्षदेखि एमबिबिएसको अध्ययन सञ्चालनमा ल्याएको छ।

तालिमतर्फ एनेस्थेसिया प्राविधिक उत्पादनका लागि विशेष तालिम कार्यक्रम सञ्चालन गर्नाका साथै जनस्वास्थ्यमा स्नातकोत्तर, ब्याचलर अफ नर्सिङ साइन्सलगायत स्वास्थ्य विज्ञान कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्यमा रहेको छ। प्रतिष्ठानले प्रदेशका १३ जिल्लाका विद्यार्थीलाई शैक्षिक कार्यक्रममा समावेश गरी यहीँका जिल्ला अस्पतालहरुमा सेवा गर्ने अवसर दिने गरी योजना अगाडि बढाएको छ। सङ्घीय सरकार र विश्वविद्यालय अनुदान आयोगले छात्रवृत्ति अनुदानको व्यवस्था गरे जनशक्ति उत्पादनमा निकै सहज हुने भएकाले प्रतिष्ठान त्यसका अनुदानका लागि पहल गरिरहेको छ।

विसं २०८२ फागुन २८ गते रु आठ करोड ६१ लाख लागतमा प्रतिष्ठानका लागि मुख्यमन्त्री बानियाँ र स्वास्थ्यमन्त्री मगरले शिलान्यास गर्नुभएको प्रिफ्याब भवनको आउँदो असारमा सम्पन्न गरी सेवा प्रवाह गरिने बताइएको छ। त्यसैगरी, प्रतिष्ठानद्वारा सञ्चालित हेटौँडा अस्पतालमा रु २८ करोड ५४ लाखको लागतमा निर्माण सम्पन्न भएको हेटौँडा अस्पतालको पाँचतले नयाँ भवनको मुख्यमन्त्रीले उद्घाटन गरेपछि थप सेवाहरु विस्तार भएका छन्। प्रतिष्ठान स्थापना हुनुअगाडि हेटौँडा अस्पतालमा जम्मा १०० शय्या थिए। अहिले त्यो सङ्ख्या बढेर ३१३ पुगेको छ। प्रदेश सिनेटले पास गरेसँगै ५०० शय्याको शिक्षण अस्पतालका रुपमा सेवा विस्तार गर्ने लक्ष्य तयारी गरेको छ। अस्पतालमा विशेषज्ञ सेवा विस्तार गरी 'मोडुलर ओटी' सञ्चालनमा आएपछि जटिल शल्यक्रिया यहीँ हुन थालेपछि बिरामीको विश्वास जित्दै गएको छ।

पाँच बिघा क्षेत्रफलमा फैलिएको अस्पताल भवनसहितका संरचनाहरुसँगै नजिकै रहेको साढे सात बिघा जमिनको सदुपयोग गर्दै भाडाका भवनमा छरिएर रहेका शैक्षिक सेवालाई आउँदो असार-साउनदेखि एकै ठाउँमा ल्याएर सेवा सञ्चालन गर्ने तयारी गरिरहेको छ। नेपाल रेडक्रस सोसाइटीले हड्पेर भाडा उठाइरहेको संरचना फिर्ता ल्याउनेदेखि प्रदेश आपूर्ति केन्द्र, स्वास्थ्य निर्देशनालयलाई स्थानान्तरण गर्ने प्रयास पनि भइरहेको छ।

प्रतिष्ठानका शिक्षाध्यष प्राडा दिनेशकुमार लम्सालले राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा सम्झौता गरेर अनुसन्धानको काम अगाडि बढिरहेको बताउनुहुन्छ। प्रदेशका १३ वटै जिल्लाका अस्पतालमा अनुसन्धानको माध्यमबाट त्यहाँको समस्या पहिचान गरी योजना बनाउन सकिने उहाँ बताउनुहुन्छ। प्रतिष्ठानको आफ्नै परीक्षा बोर्ड छ। प्रतिष्ठानलाई यतिमा मात्रै सीमित नराखी विश्वविद्यालयका रुपमा विकास गरी १३ वटै जिल्लामा शैक्षिक कार्यक्रमको स्वीकृति दिई स्वास्थ्यको जनशक्ति उत्पादनमा लैजानुपर्ने आवश्यकता रहेको उहाँ बताउनुहुन्छ।

प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाईंले हेटौँडा अस्पताल बागमती प्रदेशकै गौरवको आयोजना भएको बताउनुहुन्छ। नयाँ प्रिफ्याब भवन निर्माण भएसँगै प्रतिष्ठानका शैक्षिक कार्यक्रमहरू आफ्नै पूर्वाधारबाट सञ्चालन गर्न सकिने अवस्था सिर्जना हुने, भवनमा कक्षाकोठा, प्रशासनिक कक्ष, प्रयोगशालालगायत आवश्यक पूर्वाधार समावेश गरिने भएको छ।

यहाँ मकवानपुरबाट मात्रै नभई सिन्धुली, सर्लाही, बारा, महोत्तरी, बर्दिवासलगायत विभिन्न ठाउँबाट बिरामीको चाप बढ्दै गएको छ। भैतिक पूर्वाधारको विकास, गुणस्तरीय सेवा, टिकट काउण्टर, फार्मेसी काउण्टरको विस्तार, मोडुलर ओटी सञ्चालन, आइसियू लगायतका सेवाहरु विस्तारसँगै अस्पतालको गुणस्तरीय सेवा प्रवाहले दैनिक एक हजार ६०० सम्म बिरामी आउन थालेको बताउनुहुन्छ, प्रतिष्ठानका रजिष्ट्रार गुरागाईं।

प्रतिष्ठानका डिन डा इन्दिरा अधिकारी पौडेलले यहाँ सञ्चालन शैक्षिक कार्यक्रममा सहभागीहरुलाई कम्युनिटी फिल्डमा पठाउने गरेको बताउनुहुन्छ। प्रतिष्ठानमा हाल ११० जना शिक्षक सेवारत रहेका छन्।

प्रतिष्ठानले सानातिना सर्जरी मात्रै नभई ठूला सर्जरी सेवा पनि यहीँबाट दिन थालेको छ। क्यान्सर, ठूला हर्नियालगायत विभिन्न शल्यक्रिया सेवा यहीँबाट सञ्चालन भएपछि चितवनदेखि काठमाडौँसम्म पठाउनुपर्ने बाध्यता हटेको छ। प्रदेश र सङ्घीय सरकारले आधुनिक प्रविधि पठाउने र जनशक्तिलाई तालिम दिने व्यवस्था गर्न सके प्रदेशका १३ वटै अस्पतालको 'रेफर सेन्टर'का रुपमा यस अस्पताललाई विकास गर्न सकिने सर्जरी विभागका विभागीय प्रमुख प्राडा सुजन मानन्धर बताउनुहुन्छ। यहाँ

***बाँकी तीन पृष्ठमा***

# प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रति मतदाता खर्च घट्दो

**प्रकाश सिलवाल**

काठमाडौँ, २५ जेठ (रासस)।

राजनीतिक दल र उम्मेदवारका लागि पछिल्ला चुनाव खर्चिलो हुँदै गएकाबेला निर्वाचन व्यवस्थापनमा सरकारी कोषबाट प्रति मतदाता खर्च भने घट्दो देखिएको छ।

निर्वाचन आयोग, नेपालले तुलनात्मक रूपमा कम खर्चमा गत फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सम्पन्न गराएको समीक्षा प्रतिवेदनबाट देखिएको छ। प्रति मतदाता कति खर्च तुलनात्मक रूपमा कम देखिएकाले निर्वाचन व्यवस्थापनको खर्च मितव्यी देखिएको हो।

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, समावेशी, विश्वसनीय मितव्यी र पारदर्शी निर्वाचन गराउने नेपाल सरकार र निर्वाचन आयोगको लक्ष्यअनुसार पछिल्लो निर्वाचनमा प्रति मतदाता खर्च रु २६४ मात्रै भएको निर्वाचन समीक्षाबाट देखिएको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचनका लागि कुल रु चार अर्ब ९६ करोड ७८ लाख ३९ हजार ४५ खर्च भएका कुल खर्चलाई कूल मतदाताले भाग गर्दा प्रति मतदाताको लागत विगतको तुलनामा कम निस्किएको हो। विसं २०७९ मा एकै साथ प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन हुँदा प्रति मतदाता करिब रु ४५० खर्च भएको थियो।

उक्त निर्वाचनमा विभिन्न जिल्ला र स्थलमा मतदान स्थगन भई पुनःमतदानसमेत गर्नुपरेको थियो।

पछिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगबाट रु सात अर्ब ८१ करोड पाँच लाख ७६ हजार माग भएकामा अर्थ मन्त्रालयबाट रु छ अर्ब ७१ करोड ९२ लाख ८७ हजार २०० स्रोत सुनिश्चितता भएको थियो। निर्वाचनमा पुरूष, महिला, अन्य र अस्थायी मतदता गरी कुल मतदाता एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता थिए।

निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचनका एक करोड ११ लाख ६८ हजार ३२ ले मतदान गरेकामा एक करोड पाँच लाख ५९ हजार १७ (९४ दशमलव ५५ प्रतिशत मत सदर भएको थियो। समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ८१७ ले मतदान गरेकामा एक करोड आठ लाख ३५ हजार २५ (९६ दशमलव ०५ प्रतिशत) मत सदर भएको थियो। दुवै प्रणालीको निर्वाचनतर्फ औसत चार दशमलव सात प्रतिशत मत बदर भएको थियो। अघिल्लो निर्वाचनका तुलनामा यो घट्दो सङ्ख्या हो।

आयोगले सो निर्वाचनबारे काठमाडौँ उपत्यका बाहिरका छ प्रदेशस्तर र काठमाडौँमा केन्द्रीयस्तरको समीक्षा कार्यशाला गरेर सरोकार भएका पक्षसमक्ष निर्वाचनमा ५० सामग्री प्रयोग भएकामा ३७ सामग्री प्रदेश तथा जिल्लास्तरबाट खरिद गरिएका थिए भने १३ सामग्री आयोगबाट खरिद तथा छपाइ गरी गरिएको जानकारी दिएको छ।

आयोगमा मौज्दात रहेका मतपेटिका, मतपत्र छपाइमा प्रयोग भएको कागजलगायत सामग्रीबाट प्रयोग गरिएको र आयोगले खरिद गर्ने सामग्री सरकारी निकायसँग 'जिटुजी' प्रक्रियाबाट मोलमोलाई गरेर खरिद गरिएकाले निर्वाचन मितव्यी भएको प्रवक्ता भट्टराईले बताउनुभयो। आयोगले मतपत्र छपाइको कार्य जनकशिक्षा सामग्री केन्द्र लिमिटेडबाट, अन्य सामग्री छपाइ साझा प्रकाशन र निर्वाचन सामग्रीको खरिद खाद्यसुरक्षा तथा व्यापार लिमिटेडबाट गरेको थियो।

**निर्वाचन समीक्षाबाट आएका सुझाव**

आयोगले गरेको निर्वाचन समीक्षा कार्यशालामा सरोकार भएका पक्षले विदेशमा रहेका मतदाता रहेका नागरिको मताधिकार, अन्तरजिल्ला मतदान, निर्वाचनको आवधि कार्यतालिका किटान, 'नो भोट', 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' विद्युतीय मतदातलगायत विषयमा एकीकृत कानुनको तर्जुमा गर्नुपर्ने सुझाव दिइएको छ। मतदाता शिक्षा प्रभावकारी बनाई बदर मत अझ घाउनुपर्ने, निर्वाचन कानून तथा आचारसंहिता परिपालनासम्बन्धी कानुनका सम्बन्धमा निर्वाचनमा खटिने कर्मचारी, राजनीतिक दललगायत सरोकारवाला निकायलाई पर्याप्त अभिमुखीकरण गरिनुपर्नेलगायत सुझाव आएका छन्।

निर्वाचनसम्बन्धी विषयमा सामाजिक सञ्जालको नियमन प्रभावकारी रूपमा हुनुपर्ने, उम्मेदवारको मनोनयन दर्तामा धरौटी जम्मा नगदमा नभई डिजिटल माध्यमबाट गर्नुपर्ने र निर्वाचन खर्च अनुगमनलाई बैकिङ प्रणलीबाट भए/नभएको अनुगमन गरिनुपर्ने सुझाव आएको आयोगले जनाएको छ।

"मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिक प्रक्रियालाई नागरिकमैत्री शुद्ध, समावेशी र सुरक्षित बनाउन आयोगले प्रयासरत छ। मतदानस्थल पुनरावलोकन गरी पहुँचयोग्य बनाउने कार्यमा जोड दिइएको छ", आयोगको समीक्षा प्रतिवेदनमा भनिएको छ, "आधुनिक र प्रभावकारी निर्वाचन शिक्षा र सूचना प्रणाली तथा प्राविधिक र कानुनी सुधारका माध्यमबाट निर्वाचन व्यवस्थापन प्रभावकारी बनाउन आयोग निरन्तर क्रियाशील रहेको छ।"

यसैगरी, आचारसंहिता उल्लङ्घनकर्ताको अभिलेख राखिनुपर्ने, आचारसंहिता निर्धारण गर्दा लचकता अपनाउने तर पालनामा कडाइ गर्ने र निर्वाचन आचारसंहिता पूर्ण पालनामा गराउनुपर्ने सुझाव पनि आयोगलाई प्राप्त भएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

# सीमालगायतका विषय द्विपक्षीय संयन्त्रमार्फत समाधान खोजिनेमा परराष्ट्रमन्त्रीको जोड

काठमाडौँ, २५ जेठ (रासस)।

परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल-भारत बीच रहेका सीमालगायत विषयको समाधान वार्ता र कूटनीतिक संयन्त्रमार्फत खोजिने बताउनुभएको छ। भारतको तीनदिने औपचारिक भ्रमण सम्पन्न गरी सोमबार स्वदेश फर्कने क्रममा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले भारतसँगको सिमानालगायत विषयमा दुई देशबीच गठित कूटनीतिक संयन्त्रले समाधानका लागि काम गरिरहेको जानकारी दिनुभयो।

लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रका सम्बन्धमा सोधिएको जिज्ञासामा परराष्ट्रमन्त्री खनालले उक्त भूमि नेपालको रहिआएको ऐतिहासिक अडान दोहोर्‍याउँदै सोबारेमा भारत र चीनलाई कूटनीतिक नोटमार्फत आधिकारिक रूपमा स्पष्ट पारिसकेको उल्लेख गर्नुभयो।

भारतसँगको सिमानाका विषयमा समाधानका लागि नेपाल सरकारले तेस्रो पक्ष वा मध्यस्थताको आवश्यकता नखोजेको बताउँदै उहाँले तथ्य र ऐतिहासिक प्रमाणका आधारमा वार्तामार्फत समाधान खोजिने सरकारको धारणा रहेको बताउनुभयो।

नेपाल-भारत प्रबुद्ध समूह (इपिजी) प्रतिवेदनका सम्बन्धमा सोधिएको प्रश्नमा परराष्ट्रमन्त्री खनालले उक्त प्रतिवेदन दुई देशका प्रधानमन्त्रीहरूको सहमतिमा गठन गरिएको समूहले तयार गरेको उल्लेख गर्दै त्यो प्रतिवेदन केबल दुई प्रधानमन्त्रीलाई मात्रै बुझाउन सकिने स्पष्ट पार्नुभयो।

परराष्ट्रमन्त्री खनाल भारतीय विदेशमन्त्री डा एस जयशङ्करको मैत्रिपूर्ण निमन्त्रणामा भारतको तीनदिने औपचारिक भ्रमणका लागि शुक्रबार नयाँदिल्ली प्रस्थान गर्नुभएको थियो। भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले शनिबार आफ्ना भारतीय समकक्षीसँग प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता गर्नुभएको जानकारी गराउनुभयो।

"वार्तामा विकास सहकार्य, सम्पर्क सञ्जाल विस्तार, व्यापार तथा पारवहन, ऊर्जा र जनस्तरको सम्बन्धलाई अझ उन्नत तुल्याउनेलगायत विषयमा छलफल भयो", उहाँले भन्नुभयो। वार्तामा आपसी हितका क्षेत्रीय तथा बहुपक्षीय विषयमा पनि विचार साटासाट भएको उहाँको भनाइ छ।

वार्ताका क्रममा विभिन्न क्षेत्रमा भएका द्विपक्षीय सहकार्यको प्रगतिको समीक्षा गर्दै नवप्रवर्तन तथा स्टार्टअप, डिजिटल तथा वित्तीय प्रविधि एवं तालिम तथा क्षमता अभिवृद्धिका क्षेत्रमा सहकार्य बढाउन चालिएका पहलका बारेमा छलफल भएको मन्त्री खनालले बताउनुभयो। "द्विपक्षीय वार्तामा नेपाल-भारतबीचको बहुआयामिक साझेदारीलाई थप सुदृढ बनाउँदै नयाँ उचाइमा पुर्‍याउन प्रयासलाई तीव्र पार्ने सहमति भएको छ", मन्त्री खनालले भन्नुभयो।

सो अवसरमा द्विपक्षीय वार्तापश्चात् भारतका विदेशमन्त्री डा जयशङ्करले परराष्ट्रमन्त्री खनाललाई भारतको सन् २०१५ को 'भूकम्पपछिको पुनर्निर्माण सहयोग' अन्तर्गत सम्पन्न भएका ७२ वटा स्वास्थ्य संस्था र १२ वटा सांस्कृतिक सम्पदा क्षेत्रका परियोजना हस्तान्तरण गर्नुभएको उहाँले जानकारी गराउनुभयो।

त्यस्तै, नेपाल-भारतबीच सीमापार व्यक्तिगत विप्रेषणलाई सहज बनाउन मन्त्रीद्वयले संयुक्त रूपमा भारतको 'युनिफाइड पेमेन्ट्स् इन्टरफेस' (युपीआइ) र नेपालको 'नेशनल पेमेन्ट्स इन्टरफेस' (एनपीआइ)बीच 'पियर-टु-पियर' (पिटुपी) आबद्धताको सुरुआत गर्नुभएको थियो।

साथै 'भोइस फर्स्ट' भाषा अनुवाद प्लेटफर्मका लागि राष्ट्रिय डिजिटल पूर्वाधार सह-निर्माण गर्न डिजिटल 'इण्डिया भाषिनी' र काठमाडौँ विश्वविद्यालयबीच समझदारी पत्रमा हस्ताक्षर भएको मन्त्री खनालले जानकारी दिनुभयो। भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनाल र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल तथा भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा विजय चौथाईवालेबीच समेत छुट्टाछुट्टै भेटवार्ता भएको थियो।

त्यस्तै, परराष्ट्रमन्त्री खनालले शुक्रबार नै नयाँदिल्लीमा इण्डिया फाण्डेसनद्वारा आयोजित एक कार्यक्रममा सम्बोधन गर्नुभएको अवगत गराउनुभयो। नेपालमा नयाँ सरकारले कार्यभार सम्हालेयता दुई देशबीच परराष्ट्रमन्त्रीस्तरमा भएको यो पहिलो औपचारिक भ्रमण हो। भारतको 'छिमेकी पहिलो' नीतिअन्तर्गत नेपाल एक प्राथमिकतामा रहेको साझेदार हो। यस भ्रमणले दुई घनिष्ठ तथा मित्रवत् छिमेकीहरूबीच नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई थप सुदृढ बनाएको अपेक्षा गरिएको छ।

### विश्वविद्यालयका...

रोबोटिक सर्जरी सुरु गर्नसके र मुटु सेवालाई विशेषज्ञ केन्द्रका रुपमा लानसके प्रभावकारी हुने उहाँ बताउनुहुन्छ।

अस्पतालका निमित्त निर्देशक एवं बाल रोग विशेषज्ञ डा राजु सेढाईले अस्पतालमा बालरोगका लागि एनआइसियू र आइसियूको छिट्टै सञ्चालनमा आउन लागेको बताउँदै अस्पतालको विभिन्न सेवा विस्तारको कार्य जारी रहेको बताउनुहन्छ। अस्पतालप्रति बिरामीको विश्वाससँगै चाप बढेको अवस्थामा जनशक्ति उचित व्यवस्थापन गर्नसके अझै प्रभावकारी हुने बताउनुहुन्छ। अस्पतालमा उपचारका लागि आउने मिर्गौलाका बिरामीका लागि ओपिडी सेवा सहज भए पनि डायलासिका लागि भने पालो कुर्नुपर्ने अवस्था रहेको अस्पतालकी मिर्गौला रोग विशेषज्ञ एवं प्रमुख दिव्यश्वरी श्रेष्ठ बताउनुहुन्छ। मिर्गौला रोगका बिरामीलाई सहज सेवा प्रवाह गरेको उहाँको भनाइ छ।

## विश्व समाचार

### युद्धविरामपछि फेरि आक्रमण सुरु

दुबई, २५ जेठ (रासस/एपी)।

युद्धविरामपछि मध्यपूर्वमा शान्ति कायम हुने अपेक्षावीच इरान र इजरायलबीच सोमबार विहान पुनः क्षेप्यास्त्र र हवाई आक्रमणको आदान-प्रदान भएपछि क्षेत्रीय तनाव तीव्र रूपमा बढेको छ। पछिल्ला घटनाले व्यापक युद्ध पुनः भड्किन सक्ने जोखिम बढाएको छ। इजरायली अधिकारीहरूले इरानबाट देशतर्फ दुई लहरमा क्षेप्यास्त्र प्रहार भएको पुष्टि गर्दै नागरिकलाई तुरुन्तै सुरक्षित आश्रयमा जान आग्रह गरेका थिए। राजधानी तेल अभिभ र अन्य क्षेत्रमा साइरन बज्दा हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरिएको र केही स्थानमा विस्फोटका आवाज सुनिएको जनाइएको छ। अधिकांश क्षेप्यास्त्र अवरोध गरिएको दावी इजरायलले गरेको छ।

यसको जवाफी कारबाहीस्वरूप इजरायली सेनाले सोमबार बिहान पश्चिमी र मध्य इरानका सैन्य लक्ष्यहरूमा हवाई आक्रमण गरेको बताएको छ। इरानी सरकारी सञ्चारमाध्यमले तेहरान, इस्फहान, करज र तब्रिजमा विस्फोटको आवाज सुनिएको रिपोर्ट गर्दै राजधानी वरपर हवाई क्षेत्र अस्थायी रूपमा बन्द गरिएको जनाएको छ। यद्यपि क्षतिको विस्तृत विवरण सार्वजनिक गरिएको छैन। इरानको क्रान्तिकारी सुरक्षा बलले इजरायलले हावाबाट प्रक्षेपण गरिएको ब्यालेस्टिक मिसाइल प्रयोग गरेको आरोप लगाउँदै आक्रमणलाई गम्भीर उल्लङ्घन भनेको छ। सोही क्रममा इजरायलले 'आतङ्कवादी शासनसँग सम्बन्धित सैन्य लक्ष्य' मा कारबाही गरिएको मात्र प्रतिक्रिया दिएको छ।

यमनबाट प्रक्षेपण भएको क्षेप्यास्त्रका कारण पनि इजरायलमा पुनः चेतावनी साइरन बजेको थियो। उक्त प्रक्षेपण हुथी विद्रोहीहरूबाट भएको आशङ्का गरिएको छ, यद्यपि तत्काल उनीहरूले जिम्मेवारी लिएका छैनन्। साउदी अरबको अमेरिकी सैन्य अड्डा नजिक पनि क्षेप्यास्त्र चेतावनी जारी भए पनि केही समयपछि खतरा हटेको घोषणा गरिएको थियो। यसैबीच क्षेत्रीय ऊर्जा आपूर्ति र सुरक्षा अवस्थाप्रति चिन्ता बढेको छ। हर्मुज जलघाँटी आसपासको तनाव, इरानको युरेनियम भण्डार र यमनमा हुथी गतिविधिले द्वन्द्व थप फैलिन सक्ने चेतावनी विश्लेषकहरूले दिएका छन्।

पूर्ववर्ती घटनाक्रमअनुसार इजरायलले लेबनानको बेरुतस्थित हिज्बुल्लाह लक्षित हवाई आक्रमण गरेपछि इरान-इजरायलबीच प्रत्यक्ष टकराव बढेको देखिएको हो। सोही शृङ्खलामा सोमबारको आक्रमण भएको बताइएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई तत्काल प्रतिकार नगर्न आग्रह गर्नुभएको दावी अमेरिकी अधिकारीमार्फत बाहिर आएको छ। ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूसँगको टेलिफोन वार्तामा स्थिति नियन्त्रणमा राख्न सुझाएको बताइएको छ। उहाँले अमेरिका नै प्रमुख निर्णयकर्ता रहने सङ्केतसमेत गर्नुभएको छ। इरान र इजरायलबीचको पछिल्लो टकरावले युद्धविरामको भविष्य अन्योलमा परेको छ भने मध्यपूर्व पुनः पूर्णस्तरको युद्धतर्फ धकेलिन सक्ने चिन्ता बढेको छ।

### पश्चिम बंगालबाट ५ हजार बंलादेशी फिर्ता

कोलकाता, २५ जेठ (रासस/एएफपी)।

भारतको पश्चिम बङ्गाल राज्यमा नयाँ राजनीतिक परिवर्तनपछि सुरक्षा र आप्रवासन नीतिहरू कडा बनाइँदा करिब पाँच हजार बङ्गलादेशी नागरिकलाई हिरासतमा लिएर सीमापार फिर्ता गरिएको आधिकारिक विवरण सार्वजनिक भएको छ। अधिकारीहरूका अनुसार यो कारवाही हालैको निर्वाचनपछि गठन भएको राज्य सरकारको नयाँ नीतिअन्तर्गत गरिएको हो। प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) ले पश्चिम बङ्गालको चुनावमा विजय हासिल गरेपछि अवैध आप्रवासी पहिचान र निर्वासनलाई प्राथमिकता दिँदै अभियान अघि बढाएको बताइएको छ। चुनाव अभियानका क्रममा पार्टीले 'अवैध आप्रवासीको पहिचान, नियन्त्रण र निर्वासन' कडाइका साथ लागू गर्ने प्रतिबद्धता जनाएको थियो।

पश्चिम बङ्गालका अधिकारीहरूले राज्यभर स्थापना गरिएका होल्डिङ सेन्टरमार्फत हालसम्म करिब चार हजार ८०० बङ्गलादेशी नागरिकलाई फिर्ता पठाइएको जनाएका छन्। थप ८३६ जना हाल ती केन्द्रहरूमा राखिएको र उनीहरूलाई पनि छिट्टै निर्वासन गर्ने तयारी भइरहेको जानकारी दिइएको छ। मुख्यमन्त्री सुभेन्दु अधिकारीले कोलकातामा दिएको अभिव्यक्तिमा नागरिकता प्रमाणित नभएका र अवैध रूपमा बसोबास गरेको ठहर गरिएका व्यक्तिहरूलाई सीमापार फिर्ता पठाउने प्रक्रिया सुरु गरिएको बताउनुभयो। उहाँले राज्यका सबै जिल्लामा होल्डिङ सेन्टर स्थापना गरिएको उल्लेख गर्दै कानूनी दायरामा नपर्ने व्यक्तिहरूमाथि कारबाही अघि बढाइएको जानकारी दिनुभयो।

भारतले मुस्लिम बहुल बङ्गलादेशसँग लामो र खुला सीमाना साझा गर्दै आएको छ, जहाँ आर्थिक अवसर, पारिवारिक सम्बन्ध र अन्य सामाजिक कारणले लामो समयदेखि आवतजावत हुने गरेको छ। यही पृष्ठभूमिमा अवैध आप्रवासनबारे राजनीतिक बहस पनि चर्किँदै आएको छ। सरकारी अधिकारीहरूले आप्रवासीहरूलाई 'घुसपैठिया' र 'धमिरा' जस्ता शब्द प्रयोग गर्दै कडा धारणा व्यक्त गरेको आरोप आलोचकहरूले लगाएका छन्। विपक्षी तथा अधिकार समूहहरूले भने यस्तो भाषाशैलीले भारतका २० करोडभन्दा बढी मुस्लिम समुदायलाई अझ सीमान्तकरण गर्ने चिन्ता व्यक्त गरेका छन्।

मानव अधिकार सङ्गठनहरूले यसअघि पनि भारतले उचित कानूनी प्रक्रिया बिना बङ्गाली भाषी मुस्लिम तथा शरणार्थीहरूलाई बङ्गलादेश पठाएको आरोप लगाउँदै आएका छन्। उनीहरूले यस प्रकारका सामूहिक निर्वासनले कानूनी अधिकार र मानव अधिकार उल्लङ्घन हुन सक्ने चेतावनी दिएका छन्। सन् २०२४ मा ढाकामा भएको राजनीतिक परिवर्तनपछि भारत-बङ्गलादेश सम्बन्धमा केही उतारचढाव देखिएको थियो। त्यसपछि फेब्रुअरीमा बङ्गलादेशमा नयाँ सरकार गठन भएपछि दुवै देशबीच कूटनीतिक सम्बन्ध विस्तारै सुधार हुँदै गएको बताइन्छ।

यसैबीच, सीमा सुरक्षा बल र बङ्गलादेशका उच्च अधिकारीहरू सोमबार नयाँदिल्लीमा भेट्ने कार्यक्रम रहेको छ, जसले सीमा व्यवस्थापन र आप्रवासन नियन्त्रणका विषयमा थप समन्वय हुने अपेक्षा गरिएको छ।

# विद्यालयस्तरीय टी-२० क्रिकेट छनोट प्रतियोगितामा जानकी, पिसजोन, भसराज र पविमावि विजयी




**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

राजविराजमा जारि जिल्लास्तरीय अन्तर विद्यालय टी-२० क्रिकेट छनोट प्रतियोगिता अन्तर्गत सोमबार सम्पन्न विभिन्न खेलमा जानकी माध्यमिक विद्यालय, पिसजोन स्कुल, भसराज स्कुल कल्याणपुर तथा पविमावि विजयी भएका छन् ।

राजविराजस्थित पविमाविको क्रिकेट मैदानमा सम्पन्न पहिलो खेलमा लाली गुराँस स्कुललाई ४ विकेटले पराजित गर्दै जानकी माध्यमिक विद्यालय राजबिराजले विजयी सुरुवात गरेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको लाली गुराँस स्कुल ७ ओभर ४ बलमा सबै विकेट गुमाउँदै ५० रनमा समेटिएको थियो । जवाफमा जानकी माविले ९ ओभर १ बलमा ६ विकेट गुमाएर लक्ष्य पूरा गर्दै जित हासिल गर्यो ।

यसैगरी दोस्रो खेलमा पिसजोन स्कुलले निर्धारित खेलमा १९ ओभर १ बलमा १६० रनको योगफल तयार गरेको थियो । जवाफमा लक्ष्य पछ्याएको केअ मावि राजबिराजले १५ ओभर ४ बलमा ७ विकेट गुमाएको अवस्थामा वर्षा सुरु भएपछि खेल प्रभावित बनेको थियो । वर्षाका कारण खेल अवरुद्ध भएपछि डिएलएस नियमअनुसार पिसजोन स्कुललाई ५७ रनले विजयी घोषणा गरिएको आयोजकले जनाएको छ ।

यस्तै मविव क्याम्पस मैदानमा सम्पन्न पहिलो खेलमा भ.स.राज स्कुल कल्याणपुरले कन्छुतर प्रताप मावि रायपुरलाई ४० रनले पराजित गर्दै अर्को चरणमा स्थान बनाएको छ ।

त्यसैगरी, दोस्रो खेलमा माँ भगवती बोर्डिङ स्कुललाई २६ रनले पराजित गर्दै पविमाविले पनि विजयी यात्रा कायम राखेको छ ।

# यू-१९ महिला क्रिकेटमा मधेश टोलीको जित




**दैनिक समाचारदाता**
**राजविराज, २५ जेठ ।**

यू-१९ महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत भएको खेलमा मधेश प्रदेशले कर्णाली प्रदेशमाथि ९ विकेटको जित दर्ता गरेको छ ।

मधेशले १ सय ३ रनको लक्ष्य १६.३ ओभरमै एक विकेट गुमाएर पूरा गरेको हो । पहिले ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै १ सय २ रन बनाएको थियो ।

कर्णालीका लागि त्रिसना बिश्वकर्माले अविजित ४९ रनको योगदान दिइन् भने उमा चौधरीले २७ रन जोडिन् । जवाफी ब्याटिङमा मधेशका लागि अलिशा यादवले ३३ बलमा ४७ रन बनाइन् भने साना प्रविनले आक्रामक ब्याटिङ गर्दै २१ बलमा अविजित ४४ रन जोडिन् ।

बलिङतर्फ मधेशकी साक्षी यादवले उत्कृष्ट प्रदर्शन गर्दै ४ ओभरमा मात्र ८ रन खर्चेर १ विकेट लिइन् । मधेशले सुरुदेखि नै खेलमा पकड कायम राख्दै सहज जित हात पारेको हो ।

# संघ सरकारबाट प्रदेशलाई जाने अनुदान कर्णाली र मधेसलाई सबैभन्दा बढी

काठमाडौं, २५ जेठ (रासस) ।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघ सरकारबाट प्रदेशलाई जाने अनुदानतर्फ कर्णाली र मधेस प्रदेशलाई सबैभन्दा बढी रकम छुट्याइएको छ । विकास सूचकाङ्कमा पछाडि रहेका यी दुई प्रदेशले सङ्घीय अनुदान बढी पाएका हुन् ।

अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह) २०८३/८४ अनुसार आगामी आर्थिक वर्षका लागि रु चार खर्ब २४ अर्ब २७ करोड ७४ लाख विनियोजन भएको छ । जसमध्ये स्थानीय तहलाई रु तीन खर्ब १४ अर्ब ६३ करोड ३९ लाख र स्थानीय तहलाई रु एक खर्ब नौ अर्ब ६५ करोड ३५ लाख बराबर हो । सङ्घ सरकारले प्रदेश र स्थानीय तहलाई समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकमा यो अनुदान दिएको हो ।

प्रदेशका लागि विनियोजन भएको अनुदान रकममा सबैभन्दा बढी मधेस प्रदेशलाई रु १७ अर्ब ५९ करोड ८७ लाख विनियोजन भएको छ । कर्णाली प्रदेशका लागि रु १७ अर्ब २० करोड ८२ लाख विनियोजन भएको छ । कोशी प्रदेशका लागि रु १६ अर्ब ४७ करोड १० लाख, बागमतीका लागि रु १५ अर्ब २१ करोड ४८ लाख, गण्डकीका लागि रु १२ अर्ब ७२ करोड ८५ लाख, लुम्बिनीका लागि रु १४ अर्ब ४१ करोड ७६ लाख र सुदूरपश्चिमका लागि रु १६ अर्ब एक करोड ४७ लाख विनियोजन भएको छ ।

आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट प्रदेश र स्थानीय तहलाई जाने अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकममध्ये समानीकरण अनुदान रु ६१ अर्ब ५० करोड ३२ लाख र सशर्त अनुदान रु ३९ अर्ब ७२ करोड ७४ लाख रहेको छ । विशेष अनुदानतर्फ रु तीन अर्ब ८२ करोड ११ लाख र समपूरक अनुदानतर्फ रु चार अर्ब ६० करोड १८ लाख विनियोजन भएको छ ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु, दुई घाइते

**दैनिक समाचारदाता**
**सुनसरी, २५ जेठ ।**

सुनसरीको इनरुवामा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ, भने दुई घाइते छन् ।


सुनसरीको झुम्काबाट इनरुवातर्फ जाँदै गरेको प्रदेश १-०२-०४३ प ५८२२ नम्बरको मोटरसाइकल आइतबार राति सडक छेउमा रोकिराखिएको को १ख ५१२८ नम्बरको टिपरमा पछाडिबाट ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यलय सुनसरीका सूचना अधिकारी चन्द्र खड्काले जानकारी दिए ।

दुर्घटनामा मोटरसाइकल चालक इनरुवा नगरपालिका-८ का २९ वर्षीय विनोद चौधरी गम्भीर घाइते भएका छन् । टाउकोमा गहिरो चोट लागेको उनलाई उपचारका लागि विराट नर्सिङ होम विराटनगर लगिएकोमा उपचारकै क्रममा राति मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकलमा पछाडि सवार इनरुवा-८ का २० वर्षीय आर्यन चौधरी र २८ वर्षीय आशिष चौधरी घाइते भएका छन् । प्रहरीका अनुसार टिपर चालक सुनसरीको कोशी गाउँपालिका-३ का ४८ वर्षीय लालमोहमद मियाँलाई इलाका प्रहरी कार्यलय पकलीले नियन्त्रणमा लिएको छ ।

### *महासंघले प्रधानमन्त्री ...*

११ बजेबाट १२ बजेसम्म महासंघका प्रदेश समितिको अगुवाइमा सबै मुख्यमन्त्री कार्यालयमा धर्ना दिन, असार ५ गते केन्द्रीय समितिको आयोजनामा पेसागत सङ्गठन र सरोकारवालासहित काठमाडौं वृहत् ऐक्यबद्धता र्‍याली गर्ने रहेका छन् ।



नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज

चलानी नं. ११५३०२ भूमि प्रशासन कार्यालय सप्तरी, राजविराज
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मिति: २०८३।२।१८

विषय : छुटदर्ता ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

रामजानकी ज्यू दर्ता रहेको साविक प्रगना पकरी मौजा रैन विषहरिया हाल तपसिल बमोजिम नापी भएको जग्गा गाविस विषहरिया-४क कि.नं. १६९ क्षे. ०-६-६ गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. विषहरिया वार्ड नं. ४ बस्ने श्री हाल राजविराज न.पा. वडा नं १३. श्री रामजानकी को द.नं. १२२४४ मिति २०८२।१२।१२ मा निवेदन परी हकदावीको सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३।०२।०६ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकासित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरो गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुटदर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलदाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| विषहरिया | ४क | १६९ | ०-६-६ (दुविगाहा ६ कठा) साल भुर | श्री रामजानकी ज्यू | जग्गाधनी महलम रामजानकी ज्यू जनिएको । |


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।



हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*